नेपाल सरकार

गृह मन्त्रालय

# प्रहरी प्रधान कार्यालय

(प्रबन्ध शाखा)

नक्साल काठमाण्डौ ।

## राष्ट्रियस्तरको शिलबन्दी बोलपत्र तथा दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७२/०८/०४ गते ।

१. प्रहरी प्रधान कार्यालयलाई आर्थिक बर्ष २०७२/०७३ मा आवश्यक भएको निम्नानुसारका प्रहरी पोशाक खरिद गर्नुपर्ने भएकाले योग्य बोलपत्रदाताहरुले शिलबन्दी बोलपत्र वा e-Bidding र दरभाउपत्रको माध्यमबाट बोलपत्र पेश गर्न सकिने छ ।

निम्नः-

| सि.नं. | सामानको बिवरण | परिमाण | संकेत नम्बर | बोलपत्र फारम दस्तुर | बोलपत्रको मान्य अवधि | बैंक ग्यारेन्टी रकम | खरिद माध्यम |
|---|---|---|---|---|---|---|---|
| १. | क्यामो चुस्ता कपडा | २,३२५ मीटर | PHQ/SQ/072/73/1 | रु ३००।०० | ७५ दिन | रु.२२,०००।०० | दरभाउपत्र |
| २. | सुडानी चुस्ता कपडा | २,३२५ मीटर | PHQ/SQ/072/73/2 | रु ३००।०० | ७५ दिन | रु.२२,०००।०० | दरभाउपत्र |
| ३. | म्याट्रेस | १०,००० थान | PHQ/NCB/G/20/072/73 | रु ३,०००।०० | ९० दिन | रु.१,७५,०००।०० | बोलपत्र |

२. लिखित निवेदन साथ मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, फर्म वा कम्पनी दर्ता प्रमाणपत्र र आ.ब. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र वा २०७१/०७२ को कर चुक्ता नभएको भए आ.ब. २०७१/०७२ को कर चुक्ताका लागि सम्बन्धित कर कार्यालयमा कर बिवरण पेश गरी म्याद थप गरेको प्रमाण पत्रको नोटरी गरिएको प्रतिलिपि पेश गरेर मात्र यस कार्यालय र महानगरीय प्रहरी कार्यालय, रानीपोखरी काठमाण्डौबाट तोकिएको दस्तुर बुझाई सि.नं. १ र २ को मिति २०७२।०८।१८ गते र सि.नं. ३ को मिति २०७२।०९।०५ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. बोलपत्र/दरभाउपत्र साथ कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, ठमेल काठमाण्डौ स्थित धरौटी खाता नं. ११००२०३ यस कार्यालयको कोड नं. २७-३१४-३१ मा सि.नं. १ मा माथि उल्लेखित बैंक ग्यारेन्टी रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको सक्कलै बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।

४. सार्वजनिक खरिद अनुगमन कार्यालयको आन्तरिम **Portal www.gepson.gov.np** बाट माथि उल्लेखित सि.नं. ३ को सामान खरिद सम्बन्धी **e-bidding** को कार्य समेत गरिने हुँदा उक्त **web** मा **Login** गरी प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

५. बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक (Pre-bid meeting) मिति २०७२।०८।२५ गते १४:०० बजे प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखामा राखिएको छ ।

६. बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात सि.नं. १ र २ को मिति २०७२।०८।२० गते र सि.नं. ३ को मिति २०७२।०९।०६ गते १२:०० बजे भित्र प्रहरी प्रधान कार्यालय प्रबन्ध शाखामा दर्ता गरी सक्नु पर्ने छ ।

७. शिलबन्दी दर्ता भएका बोलपत्र/दरभाउपत्र फारामहरु सि.नं. १ र २ को मिति २०७२।०८।२० गते र सि.नं. ३ को मिति २०७२।०९।०६ गते १४:०० बजे आमन्त्रित सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र मूल्यांकन समितिको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

८. बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजात खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

९. बोलपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई रहने छ ।

१०. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०१-४४४०५८१ मा कार्यालय समयमा सम्पर्क राखी वुझ्न सकिने छ ।

यो सूचना नेपाल प्रहरीको वेभ साईट www.nepalpolice.gov.np मा समेत हेर्न सकिने छ ।